# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल


प.सं. : २०७९।०८०
च.नं. : ३९५९

मिति :२०७९।११।०२

**न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने वारेको सूचना ।**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (दोस्रो संसोधन २०७८) को दफा १८, यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ रोजगारीको हक सम्बन्धि ऐन, २०७५ को दफा ११ रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ बमोजिम आगामी आर्थिक वर्ष २०८०।८१ मा यस नगरपालिकामा रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम १०० दिनको रोजगारीमा संलग्न भई **सार्वजनिक बिकास निर्माणका कार्यमा** योगदान गर्न इच्छुक **१८ देखी ५९ उमेर सम्मका** बेरोजगार व्यक्तिहरुले २०७९ फाल्गुण मसान्त सम्ममा आफू स्थाई वसोवास गरेको वडा कार्यालयमा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (दोस्रो संसोधन २०७८)को अनुसूचि १ (संसोधित निवेदन) बमोजिम बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन रितपुर्वक निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

निवेदन फारम वडा कार्यालय, रत्ननगरपालिको वेवसाइट www.ratnanagarmun.gov.np तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट निशुल्क प्राप्त गर्न सकिन्छ । साथै निवेदन साथ तपसिलका विवरणहरु अनिवार्य समावेश गर्नुपर्नेछ ।

**तपशील :**

- ✓ निवेदकको हाल सालै खिचेको पासपोर्ट साईजको १ प्रति फोटो ।
- ✓ निवेदक र नागरिकता प्राप्त गरेको परिवारका सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि आवश्यकता अनुसार बसाईसराई, विवाह दर्ताको प्रतिलिपि ।
- ✓ न्यूनतम एक सय दिनको रोजगारी वापत प्रप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय (चालु आर्थिक वर्षको सन्दर्भमा रु ५७,७००। )भन्दा कम आय भएको हुनुपर्ने ।
- ✓ निबेदन फारममा उल्लेखित पारिवारिक विवरण, पारिवारिक आय, परिवारका कुनै सदस्यको सामाजिक सुरक्षा कोष वा अन्य सुरक्षा कोषबाट आर्थिक सुविधा लिइरहेको/नरहेको अनिवार्य उल्लेख हुनुपर्नेछ ।
- ✓ गत आ.व. हरुमा निवेदन दिएका व्यक्तिहरुले पुन : निवेदन दिनुपर्नेछ ।
- ✓ रितपुर्वक विवरण नभरिएका कागजात नपुगेका र वडाबाट प्रमाणित नभएका EMIS मा सूचीकृत हुने छैनन् ।

थप जानकारीको लागी सम्बन्धित वडा कार्यालय तथा रोजगार सेवा केन्द्र रत्ननगर नगरपालिकामा सम्पर्क गर्नहुन अनुरोध छ ।

२०७९।११।०२
छविलाल सुवेदी
प्रमुख प्रशासकीय अधिकृत